

# राष्ट्रिय मुक्ति क्रान्ति

बहुलराष्ट्रिय राज्य स्थापनाको निमित्त आह्वान

राजेन्द्र महतो
बुद्धछिरिङ मोक्तान

# अब के गर्ने?

राष्ट्रिय मुक्ति आन्दोलनको जल्दोबल्दो सवाल

राजेन्द्र महतो
बुद्धछिरिङ मोक्तान

केहि पनि हुँदैन। किनभने समाज र समुदायको जरा काटिएपछि आफ्नो सत्व मर्छ। समाज र समुदायको जीवन, सपना र सत्व हराएपछि त्यो देश, त्यो देशका समाज र समुदायको इतिहास, सभ्यता, संस्कार र सँस्कृतिप्रति चासोको विषय बन्दैन। र समाजका युवा पुस्ताको जिवनको अवस्था पर-शासन र पर-निर्भरतामा पुग्ने मात्र होइन कि त्यही नै सपना बन्न थाल्दछ। राजनीतिक हिसावले नेपाली समाज यो दोशाधबाट लामो समयदेखि गुज्रिरहेको छ। परिणामतः युवाहरू विदेश पलायन भइसकेका छन, दिनानुदिन पलायन हुनेक्रम तिब्र गतिमा जारी छ। यो कुनै प्राविधिक समस्या मात्र नभएर गम्भीर दार्शनिक र वैचारीक राजनीतिक समस्या हो। नेपाली जनताको सत्व र ग्रहण गरेको राजनीतिक दार्शनीकि वीच गहिरो खाडल छ र नै यतिबेला नेपाली समाज सबैजना सबैसँग लडीरहेका छन्। त्यो समस्या भनेको एकातर्फ नेपालमा आयातित र औपनिवेशीक मार्क्सवादी र पूँजिवादी ज्ञानसत्ताको उदयले नेपाली समाजको स्वदेशीय जरा काटिएर भएको हो भने अर्को तर्फ नेपालको राजनीतिमा पश्चिमा ज्ञानमिमांसाको राजनीतिक हतियार बोकेर स्थानीय मौलिक सनातन सभ्यता, इतिहास र मुल्यमान्यताहरू भत्काउने दलको रूपमा मुलतः मार्क्सवादी र उदारवादी भनाउँदाहरू नै हुन्। त्यसैले त नेपालको संविधान २०७२ को राजनीतिक सैद्धान्तिकी र वैचारीकि पश्चिमा ज्ञानसत्ताको जगमा जारी हुन पुग्यो। यसर्थ, वर्तमान नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र औपनिवेशीक छ, पर-शासीत छ, पर-निर्भर छ र यसले आम नेपाली जनताको सत्व र स्वाभिमानलाई बोक्न सकेन र सक्दैन पनि। परिणामतः राज्यसत्ताको स्थिरता छैन, देश विकासको निरन्तरता छैन, साँस्कृतिक राष्ट्रवाद निर्माण हुन सक्दैन, सार्वभौम र स्वतन्त्र देशको हैसियतमा राष्ट्रिय दृष्टिकोण बन्न सक्दैन, देश र जनता पर-शासीत र पर-निर्भर बनाईयो मात्रै हैन, निरन्तर नेपाली समाज खण्डीत भएर गइरहेको छ। हामीले स्पष्ट रूपमा देखिरहेका छौं कि राज्य र समुदायबीच अलगाव र सम्बन्ध विच्छेदको मनोविज्ञान तीव्र रूपमा बढीरहेको छ। यसलाई नरोक्ने हो भने देश गम्भीर दुर्घट्नामा कुनै पनि बेला फस्न सक्दछ। यो दलदलबाट मुलुकलाई निकाल्न अनिवार्य बन्न गएको छ।

देशमा एकल राष्ट्रिय राज्यको चिन्तन सोचबाट संविधान निर्माण र राज्यको संचालन भई रहेको कारणले नेपाल सबै नेपालीको लागि बन्न सकेन। नेपाली समाजको सत्वसँग मेल नखाने यिनीहरूको बैचारीकि धारासाही गराएपछि मात्र स्वदेशीय सभ्यताको आत्मिक जगमा बहुलराष्ट्रिय राज्य व्यवस्थाको निर्माण सम्भव छ। नेपाल राज्यको प्राकृतिक सत्ता भनेको बहुलराष्ट्र राज्य हो, सो तर्फ नेपालको राजनीति स्वाभाविक रूपले अगाडी बढ्छ नै। तसर्थ देशको विद्यमान सबै प्रकारका विभेद, असमानता, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, भ्रष्टाचार, कुसंस्कार संस्कृतीबाट देशलाई मुक्ति दिलाई देशका सबै वर्ग, समुदाय, धर्म, जात-जाती, क्षेत्र, लिंगका जनतालाई अधिकार, पहिचान, स्वशासन, सुशासन, सम्बृद्धि तथा सामाजिक न्याय प्रदान गर्नको लागि विगतमा जस्तै मधेशी, आदिवासी जनजाती, थारु, दलित, मुस्लीम, पिछडा वर्ग लगायत स्वशासन, सुशासन र सम्बृद्धि चाहने हिमाल, पहाड, तराई मधेशका जनता अब एकल रूपमा छुट्टाछुट्टै फुटेर संघर्ष गर्दा भोगेको पिडा र असफलताबाट सबक लिंदै 'फोड़ र राज्य गर' शासकीय नीति बिरुद्ध 'जुटौं र आफ्नो सत्ता हासिल गरौं' अभियान तहत सबै मिली एकताबद्ध भई राष्ट्रिय मुक्ति क्रान्ति गर्नुको विकल्प नै रहेन। यही क्रान्तिले देशमा सबै नेपालीका लागि शासन र संविधानमा परिवर्तन ल्याउने छ र नेपाल सबै नेपालीका लागि निर्माण गर्ने छ। अबको आगामी क्रान्ति कुनै एक दल वा कुनै एक पिडित समुदायबाट सम्भव नै छैन तसर्थ विद्यमान सम्पूर्ण परम्परागत पार्टीबाट माथि उठी, औपनिवेशीक चिन्तन सोचको प्रभावलाई तिलान्जली दिएर सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली बैभव प्राप्त गर्न सम्भव छ, यसको निम्ति यस नविन युगका नविन नेपाल निर्माण निम्ति थुगिन अभियानमा सरिक हुन सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरूमा सादर अपिल गर्दछु। धन्यवाद। जय मातृभूमी।

ने.सं. : ११४४ सिल्लागा, पारु १७

ई.सं.: 2024 Feb 26, Monday

वि.सं. : २०८० फागुन १४, सोमवार

# अपिल




स्वदेशवाद | बहुलराष्ट्रवाद | सामुदायिक समाजवाद



## बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति



राजेन्द्र महतो




**आदरणीय दिदीबहिनी तथा दाजुभाइ,**

लामो राजनीतिक जीवनमा हामीलाई अनेकौं पटक यहाँहरूसँग साक्षात्कार गर्ने अवसर मिलेको छ तर, आज फरक परिस्थिती बीच मुलुकको जल्दाबल्दा तात्कालिक र दिर्घकालिक विषयहरू माथी हाम्रो विचार सम्प्रेषण गर्न यहाँहरू समक्ष आएका छौं ।

वर्तमान विश्व परिस्थितीलाई विद्वानहरूले ठूलो अनिश्चितता र भ्रमको युग भनेको छ, जुन हामी माझ ठूलो अविश्वास र शंका उत्पन्न गराउँदै नेपाली आकाशमा पनि मडारिरहेको छ । नेपाली समाज भित्र पनि ठूलो विचलनको स्थिति पैदा गरेको छ । हामीले समग्र सामाजिक-साँस्कृतिक, राजनीतिक तथा आर्थिक पक्षहरूमा सामना गरिरहेको चुनौतीहरूसँग मुकाविला गर्दै त्यसभित्र रहेको अवसरहरूलाई मुलुकको हितको निमित्त उपयोग गर्ने वातावरण निर्माणको खातिर वर्तमान अनिश्चित्ता तथा भ्रमको मूल कारणको विश्लेषण गर्दै नयाँ कार्यदिशा संस्लेषण गर्नु वान्छनिय भएको छ ।

पश्चिमा ज्ञान सत्तामा आधारित आधुनिकिकरण र बिकास रूपी वायुपंखी घोडामाथी सवार हुँदै संसारभरी शासकहरूले करोडौं मानिसहरूको हत्या गरे, सयौं भाषा विनास गरे, हजारौं मानव समुहहरूलाई पहिचान विहिन बनाए, करोडौं जीवजन्तु, वनस्पति, सम्पदा, नदी, पोखरी, ताल, हिमाल, पहाड लगायत समुन्द्रमाथी समेत अतिक्रमण गरे र आज 'पृथ्वी बचाउँ' नारा लगाउनु पर्ने स्थानमा विश्वलाई पुऱ्याए । यस्तो विशाल ध्वंसकारी कार्यको नेपाली संस्करणको नेतृत्व राजा महाराजाहरू र तत्पश्चात काँग्रेस र कम्युनिष्टहरूले गरे । आज उनीहरूका कारण हाम्रो सभ्यता संस्कृतिलाई असभ्य भनियो, बहुलता, पहिचानलाई इन्कार गर्ने काम भयो, हाम्रो उन्नत ज्ञान मास्ने काम भयो, हामीलाई पश्चिमा/विदेशमुखी बनाइयो । यहाँका स्वदेशी बहुलज्ञान-दर्शन, कला, साहित्य, सौन्दर्यताको संहार भयो, बहुल समाज व्यवस्थालाई निषेध गरायो, ऐतिहासिक बहुल राष्ट्रहरूलाई राज्यविहिन बनायो । प्रकृतिको विनास गरायो । यसर्थ पश्चिमा ज्ञानले यावत समस्याहरूको सामना गर्नु त परको कुरा भयो, समस्याको सृजनाकर्ता नै आफै रहेको प्रमाणित नै भइसक्यो । अतः अब पूर्वीय सभ्यतामा आधारित रहेको स्वदेशीय दर्शन मार्फत स्वदेशवादको पुनःस्थापना जरुरी भइसकेको छ ।

**अब हाम्रा अगाडि प्रश्न खडा भएको छ : के गर्ने ? कहाँ देखि गर्ने ?**

यि प्रश्नहरूको जवाफ खोज्नु नै वर्तमान राजनीतिको प्रमुख रणनीतिक कार्यभार हो । यहाँ लोकतन्त्र, गणतन्त्र, मानवअधिकार, विकास, वृद्धि-संवृद्धि, समाजवादको बहस सम्भ्रान्तीय झुठ, फरेब, जनता झुक्याउने र ठग्ने प्रपन्च सावित भयो ।

**अब के गर्ने ?**

वर्तमानको ठूलो अनिश्चितता र भ्रमलाई चिर्न सक्ने वैकल्पिक राजनैतिक शक्ति दावी गर्दै केही नयाँ समूहहरूको उदय तथा पुराना शक्तिहरू भित्रको नयाँ पुस्ताले उठाएको रूपान्तरणको बहस सुनिरहेका नेपाली जनताहरूले नयाँ समूहहरूको उदय, पुराना शक्तिहरूको रूपान्तरण नै देखिरहेका छन्, बरु उनिहरू अनिश्चितता तथा भ्रमले सृजना गरेको अविश्वास र शंकाको परिस्थितिलाई थप गिजोल्दै लाभ उठाउने अवसरवादी समुहहरूको रूपमा देखिएको छ ।

यो परिस्थिति तबसम्म रहनेछ जबसम्म हाम्रो प्रयत्न हालसम्म हावी रहेको राजनीतिक पार्टी एवं वर्तमान शक्ती संरचना भित्रै वैकल्पिक राजनीति वा शक्तीको खोजीमा सिमित रहने छ । यसर्थ हामीले हालसम्म हावी रहेको राजनीतिक शक्ती संरचनाकै विकल्प खोज्नु पर्दछ जुन सम्भव मात्र होइन कि अनिवार्य भएको छ ।

**कहाँ देखि गर्ने ?**

नेपाल देशको सरहदको निर्धारण गोर्खाका राजा पृथ्वी नारायण शाहको राज्य विस्तार र त्यसपछि सुगौली सन्धि एवं नयाँ मुलुकको पुनःप्राप्ति पछि भएको हो । यसरी राज्य विस्तार हुदा अनेकौ सार्वभौम राज्य मात्र होइन अनेकौ संस्कृति पनि एउटै सरहद भित्र रहन गयो । तत्काल बिद्रोह नहोस भनेरै राजा पृथ्वी नारायण शाहले निर्दिष्ट गरे "नेपाल चार जात छत्तिस वर्णको साझा फुलबारी हो सबैलाई चेतना भया" । तर त्यसपछिका कुनै शासकमा उक्त चेतना आउन सकेन । शासकले आफ्नो बाहेक सबै सँस्कृतिलाई सिध्याउन्ने प्रयास गरे, असभ्य भने, बिदेशी भने, अराष्ट्रिय भने, मासिन्या घोषित गरे । फगत शाह राजाहरूको शासन केवल बंशको निम्ति, राणाहरूको शासन जहानको निम्ति, प्रजातन्त्रदेखि गणतन्त्रसम्मको शासन केवल एउटा नश्लको निम्तिमात्र आत्म गौरबको सत्ता हुन गयो । पृथ्वीनारायणले जगाउन खोजेको चेतना उनका बंस, जहान र नश्लमा आउन सकेन । त्यसैले त तराई मधेसमा गजेन्द्रनाराण सिंह, रघुनाथ ठाकुरहरूले तथा हिमाल, पहाडमा गोरेबहादुर खपाङ्गी, एम एस थापा, गोपाल गुरुङहरूले बिद्रोह गरे । गुलाम बनाइएका उत्पीडितहरूमा आत्मसम्मान जगाए, अपमान सूचक बनाइएको आफ्नो पहिचानमा गर्व गर्न लगाए । त्यस आन्दोलनको निरन्तरता आज पनि छ । दुर्भाग्य उक्त आन्दोलनहरूले ठोस उपलब्धि दिन सकेको छैन ।

संविधान निर्माणको क्रममा भएको ऐतिहासिक मधेश/थरुहट आन्दोलनलाई पहाड विरोधी, जातिय, साम्प्रदायिक, अपराधिक, भारतद्वारा संचालित आन्दोलन जस्ता कु नियतका साथ कु-प्रचार गरी यसै बहानामा दुश्मन देशका दुश्मन नागरिक सरह वर्वरतापुर्ण दमन गर्दा पनि ६ महिनासम्म जनताले प्रतिरोध गरिरहे, बलिदान दिइरहे तर मधेश थरुहटका जनताको दुःखद हार भयो, आन्दोलन तुहिन गयो । मुस्लिम, दलित, पिछडा वर्ग लगायतको सामाजिक न्यायको आन्दोलन पनि अगाडी बढन सकेन । निरन्तर आन्दोलनरत रहेका लिम्बुवान लगायत अन्य आदिवासी जनजातिहरूको पहिचानवादी आन्दोलन पनि सफल हुन सकेन । उपरोक्त सबै आन्दोलनहरू एकल नश्लीय शासन ब्यवस्था बिरुद्ध थियो तर त्यस बिरुद्ध गरिएका आफ्नै आन्दोलन पनि एकल आयामिक थियो । हामी पहिचानवादीहरू पनि एकल आयामिक गोलचक्करमा फसेकै कारण विगत चार दशक अगाडी शुरु भएको पहिचानावादी आन्दोलन शासकीय षडयन्त्रको शिकार भइ अधुरो रहन गयो । शासन पनि एकल नश्लीय त्यस बिरुद्धको आन्दोलन पनि एकल आयामिक । त्यसैले त उत्पीडनमा परेका जनताले चाहेको जस्तो राजनीतिक उपलब्धि प्राप्त गर्न सकेन, देश पनि बन्न सकेन । अब गहिरो संकथन गरी अधिकार र पहिचानवादी आन्दोलन वहुआयामिक हुनु जरुरी भैसकेको छ । अब हिमाल, पहाड, तराईका अधिकार तथा पहिचानवादी सम्पूर्ण उत्पीडित राष्ट्रियताहरू तथा देशमा सुशासन र सम्वृद्धि चाहनेहरू सबै संयुक्त रूपमा एकतावध भई बहुलराष्ट्रिय राज्य निर्माणको निम्ति राष्ट्रिय मुक्ति क्रान्ति अर्थात सम्पूर्ण क्रान्ति आवश्यक भैसकेको छ ।

नेपालमा आजसम्म भएको राजनीति भनेको आफ्नो स्वदेशीय मौलिक सभ्यताबाट पर हटी पश्चिमा ज्ञान प्रणालीको दर्शनमा आधारित भएर सिद्धान्त एवं कार्यक्रमहरू बनाईए, त्यसले गर्दा स्वदेशीय जरा काटिए, पर-देशको जरा समाएर बाँच्नुपर्ने भयो । जरा काटिएको समाज र समुदायको आफ्नो मौलिक जीवन र सपना

नेवाः राष्ट्रको जरा मजवुत गराउनु आजको दायित्व हो । नेवाः राष्ट्रको जरा काटेर आफ्नो मौलिक जीवन र सपनाको हत्या गर्ने विरुद्ध एकवद्ध भएर लड्नु नै एकमात्र कार्यभार हो । नेवाः राष्ट्रको इतिहास, सभ्यता, संस्कार र सँस्कृतिप्रति नयाँ पुस्ताको चासो कम हुनुको कारण पनि गोर्खाली सत्ताले उनिहरूको जरा काटेर आधुनिकताको नाममा आयातित औपनिवेशिक ज्ञान प्रणाली र पर-शासन लागु गरेको कारणले हो ।

नेवाः राष्ट्रको जरा मजबुत बनाउन आयातित र औपनिवेशिक मार्क्सवादी र पूँजिवादी ज्ञानसत्ता आवश्यकता छैन बरु नेवाः लगायत स्वदेशी राष्ट्रहरू आफै ज्ञानको सागर भएकाले प्रथम राष्ट्रहरूको स्वदेशवाद नै आफ्नो जरा मजबुत बनाउने वैचारिक सैद्धान्तिक आधार हो । यहि आधारमा नयाँ नेपालको परिकल्पना गरिने छ जो औपनिवेशिक मार्क्सवाद र पूँजिवादको आवरणमा वर्तमानको एकल राष्ट्रिय राज्य नभई बहुलराष्ट्रिय राज्य हुनेछ । बहुलराष्ट्रिय राज्य नेपालमा मात्र नेवाः लगायत राज्यविहिन राष्ट्रहरूले आफ्नो स्वदेश पाउनेछ । यसले मात्र वर्तमान नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रमा निहित औपनिवेशिकतालाई अन्त्य गर्नेछ ।

आयातित र औपनिवेशिक राज्य सिद्धान्त तथा शासन कलाले नेपाली समाजमा जुन अन्तरविरोध सृजना गरेको छ, त्यसको एकमात्र निदान भनेको बहुलराष्ट्रिय राज्य हो जसले राज्यविहिन राष्ट्रका जनताहरूलाई माटो र स्वदेशी सभ्यतासंग जोड्नेछ । देशमा विद्यमान सबै प्रकारका विभेद, असमानता, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, भ्रष्टाचार, कुसंस्कार संस्कृतीबाट देशलाई मुक्ति दिलाई देशका सबै वर्ग, समुदाय, जात-जाति, क्षेत्र, लिंगका जनताहरूलाई अधिकार, पहिचान, स्वशासन, सुशासन, सम्वृद्धि तथा सामाजिक न्याय प्रदान गर्नको लागि विगतमा जस्तै मधेशी, आदिवासी, जनजाती, दलित, मुस्लीम, थारु, लगायत स्वशासन, शुसाशन र सम्वृद्धी चाहने हिमाल, पहाड, तराई मधेशका जनताहरू अब छुट्टाछुट्टै फुटेर संघर्ष गर्दा भोगेको पिडा र असफलताबाट पाठ सिक्दै सबै मिली एकतावद्ध भई राष्ट्रिय मुक्ति क्रान्ति गर्नुको विकल्प नै रहेन । यही क्रान्तिले देशमा सबै नेपालीका लागि शासन र संविधानमा परिवर्तन ल्याउने छ र नेपाल सबै नेपालीका लागि निर्माण गर्ने छ । अबको आगामी क्रान्ति कुनै एक दल वा समुदायबाट सम्भव नै छैन तसर्थ विद्यमान सम्पूर्ण परम्परागत पार्टीबाट माथि उठी, औपनिवेशिक विचारलाई तिलान्जली दिएर सम्पूर्ण उत्पीडित जनता जुटेर उठे हाम्रो देशको गौरवशाली वैभव सम्भव छ ।

### अन्तमा

वि.स. १८२५ मा नेवाः पुर्खाहरूले एक पटक हारे, तर यो हारले हाम्रो शिर यसरी निहुराइएको छ कि हाल पर्यान्त हामी हाम्रै भूमीमा पराया भएका छौं । किर्तिपुरमा काटिएका १७ धार्नि नाक र कान खोज्ने हिम्मत हामीले गर्न सकेका छैनौं । किर्तिराज्य लक्ष्मीका सपनाहरू पुरा गर्ने तथा गोर्खालीको नेवाः राष्ट्रको इतिहास, संस्कृति, भाषा लगायत समग्र सभ्यतामाथि गरेको अतिक्रमणले सिमा नाघेको छ। राष्ट्रिय विभुती शंखधर शख्वाले इतिहासमा एक पटक नेवाः पुर्खाहरुलाई ऋणबाट मुक्त गरेका थिए । आज गोर्खाली सत्ताले प्रतिदिन गरिरहेको अतिक्रमण तथा लुटबाट आजित नेवाः राष्ट्रमा जनताहरू तथा पुर्खाहरूको सत्व र स्वाभिमानलाई बोकेर नेवाः राष्ट्रलाई गोर्खाली ऋणबाट मुक्त बनाउनु आजको नेवाः पुस्ताको दायित्व हो । पुर्खाले सुम्पिएको यस दायित्व पुरा गरेर १८२५ मा गिराएको हाम्रो शिर उच्च बनाउने यस महान अभियानमा सरिक हुन आम नेवाः लगायत सबै राष्ट्रका जनताहरूलाई हार्दिक अपिल गर्दछौं ।

**सुभ्या**
**नेपाल संवत ११४४**
**नेवाः राष्ट्रिय परिषद**
**उपत्यका विशेष ब्यूरो**

# अपिल



स्वदेशवाद



बहुलराष्ट्रवाद



सामुदायिक समाजवाद



## बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति

**नेवाः राष्ट्रिय परिषद**
**उपत्यका विशेष ब्यूरो**

## नेवाः राष्ट्का जनताहरूमा

### ब्वजलपा।

सर्वप्रथम, हाम्रा नेवाः पूर्खाहरूको महानतालाई जगाउँदै, स्वदेशी नेवाः सहिदहरूको सम्झनामा र विवेकी अगुवाहरूको निर्देशनको निमित्त वन्दना गर्दै, नेवाः सभ्यता, पूर्ण मानवता र स्वदेशी सम्मान पुनःनियन्त्रण गर्न कसम खाँदै महान राष्ट्रिय मुक्ति क्रान्तिमा लामबद्ध हुन संपूर्ण नेवाः राष्ट्का जनताहरूलाई आह्वान गर्दछौं।

नेवाः सभ्यता विश्वकै प्राचिनतम सभ्यताहरू मध्येको एक हो। करिब २००० वर्ष लामो शहरी विकासको इतिहास बोकेको यो सभ्यताले भारत वर्षमा विकास भएको समृद्ध दर्शन, कला, प्रविधि, लगायत ज्ञानका विविध क्षेत्रलाई हिमालयको काखमा हाल पर्यन्त जीवन्तता प्रदान गरिरहेको छ। वर्तमानको कतिपय समृद्ध मुलुकहरू पत्ता नलाग्दै नेवाःहरूले चीन, मंगोलिया, कोरिया, जापान तथा तिब्बतलाई आफ्नो समृद्ध ज्ञान परम्पराले प्रभावित पारिसकेको थियो। अराध्य देव मछिन्द्रनाथ(जो गोरखनाथको गुरु थिए)को जगमा निर्माण भएको नेवाः सभ्यताले स्वनिगः(यें, यल, ख्वप)मा शैव, बौद्ध, शाक्त, वैशणवमात्र हैन इस्लाम र इसाई सभ्यतालाई स्वदेशीकरण गर्ने र आफुमा समाहित गर्दै समृद्ध सभ्यता विकास गर्न सफल भएका थिए। कला सौन्दर्यले भरिपूर्ण गगनचुम्बी प्यागोडा मन्दिरहरू स्वनिगःमा मात्र हैन चीनसम्म फैलाउन सफल यस सभ्यताले कला, साहित्य, दर्शन, विविध प्रविधी, सौन्दर्यशास्त्र, भोजन कला, पर्व तथा सँस्कृतीलाई विश्वकै उत्कृष्ठ मध्ये एकको रुपमा स्थापित गराउन सफल भएका थिए। विभिन्न गुठिहरूको माध्यमबाट स्वशासित नेवाः राष्ट्ले कार्य विभाजनको आधारमा आफैमा समृद्ध अर्थतन्त्र विकास गर्न सफल भएका थिए भने तात्कालिन चीन, तिब्बत र भारतवर्ष विचको व्यापारिक केन्द्रको रुपमा स्थापित गर्न सफल भएका थिए। करिव १७०० वर्षसम्म एसियाकै ज्वजल्यमान सभ्याताको केन्द्र भएको नेवाः सभ्यता पछिल्लो २७० वर्षको औपनिवेशिकताले आज समाप्तिको संहारमा उभिएको छ। आज नेवाः आफ्नै स्वदेशबाट विस्थापित हुदै छ। नेवाः सभ्यता यति महान थियो कि उपनिवेशकारी गोर्खालीहरूले पनि नेवाः सभ्यताको जगमा आधुनिक नेपाल निर्माण गर्न बाध्य भए।

### वर्तमान अवस्था

वि.स. १८२५ मा नेवाःले आफ्नै भूमीबाट स्वशासन गुमाए र पराधिन हुन बाध्य बनाइए। त्यस यता बनेका गोर्खाली राज्यले नेवाः भूमीबाट नेवाःलाई नै उन्मुलन गर्ने काम गरे। नेवाः भूमी हडपेर शासकहरूले आफ्ना लागि दरवार र महलहरू खडा गरे। नेवाः सम्पदाहरू मासेर नेवाःलाई औपनिवेशिकता विस्तार गर्ने अखाडाहरू जस्तै सैनिक मञ्च, सिंहदरवारहरू, न्यायालयहरू, प्रहरी चौकिहरू, शिक्षालयहरू, व्यापारिक केन्द्रहरू खडा गरे। यसरी २७० वर्षसम्म विस्तार गरिएको औपनिवेशिक एकल जातिय सत्ता आज ठूलो अनिश्चितता र संकटमा फसेको छ।एकल जातिय सत्ताले निर्माण गरेको औपनिवेशिक भाष्यहरू आज असत्य र भ्रमको रुपमा स्थापित हुँदै छ। विगत २७० वर्षमा निर्माण गरेको एकल राष्ट्-राज्य जो यूरोपेली पूनर्जागरणको नेपाली संस्करण थियो आज औपनिवेशिकता विस्तारको मतियार सावित भएको छ। यसले नेवाः मात्र हैन स्वयं गोर्खालीहरू स्वः निर्माणको संकटमा फसेको छ। शासक स्वयंले आफ्नो सामाजिक सांस्कृतिक, आर्थिक र राजनैतिक प्रणाली गुमाएर उदारवादी र मार्क्सवादी शक्ति संरचनाको मुख्तियारी बुख्याचा बनिरहेको छ।

नेवाः लगायत अन्य स्वदेशी राष्ट्हरूलाई राज्यविहिन तुल्याउने गोर्खाली औपनिवेशिक शक्ती व्यूहको केन्द्र वर्णाश्रम धर्म विधान भएतापनि यसको जरा यूरोपेली बृहत आधुनिक परियोजना थियो। तर मानवतावादी न्यायप्रेमी स्वतन्त्रता, समानता र भ्रातृत्वको एकमात्र ठेकेदार दावी गर्ने बृहत आधुनिकिकरण परियोजनाका यूरोपेली सभ्यता मिशन, आधुनिकिकरण र विकासका भाष्यहरू बहुलराष्ट्रिय जनताहरूको संहारक र राज्य औपनिवेशिकता सावित भएको छ। आधुनिकिकरण र विकास, धर्ती मातालाई विनास गरेर सिमित राज्य सभ्रान्तहरूलाई असिमित नाफा अर्जन गर्ने दोहनकारी स्रोत भएको पुष्टि भएको छ। आधुनिक राज्यहरू यसरी दोहनकारी साधन बन्नको लागि नेवाः लगायत यहाँका स्वदेशी राष्ट्हरूको बहुलसमाज व्यवस्था वा सत्ताहरूलाई निषेध गरिएको थियो। यस्तो औपनिवेशिक परियोजनालाई विस्तार गर्ने काम नेपालमा नेपाली काँग्रेस र कम्युनिष्टहरूले गरे, जो आज आफै किंकर्तव्यविमुढ अवस्थामा छन।

### अब के गर्ने ?

२१औं शताब्दीमा हिजोका ऐतिहासिक राष्ट्हरूले वर्तमानको राज्यविहिनतालाई अस्विकार गरिरहेका छन्, औपनिवेशिकताबाट मुक्तिको लागि विभिन्न पहलहरू अगाडी बढाएका छन। २७० वर्षदेखि कायम नेपाली राज्य औपनिवेशिकतालाई २१औं शताब्दीको प्रारम्भिक दशकमा आएको संघीय लोकतान्त्रिक गणतन्त्रले पनि निरन्तरता दिई रहेको छ। यसले राज्य र राष्ट्हरूको विचमा दोषी रेखा (फल्ट लाईन) खडा गरेको छ भने मुलुकमा अनिश्चितता र भ्रम बढोत्तरी हुँदा अविस्वास र शंका झन गहिरो हुँदै गई रहेको छानेवाः लगायत ऐतिहासिक राष्ट्हरूमाथि इतिहासदेखि कायम रहेको औपनिवेशिकताबाट मुक्त गरेर सार्वभौमिकताको अभ्यास कसरी गर्ने भन्ने सवाल नै वर्तमानको मुख्य राजनीतिक कार्यभार हो। बहुलराष्ट्हरूको विगतको पिडामा मलम लगाउदै भविष्यको बृहत्तर आत्मनिर्णयलाई सुनिश्चित गर्ने राजनैतिक विकल्पले मात्र नेपालको वर्तमानको ठूलो अनिश्चितता र भ्रमलाई चिर्न सक्ने छ। यसको लागि हाल पर्यन्त प्रभावी रहेको राजनीतिक शक्ती व्यूह(पावर मेट्रिक्स)कै विकल्प खोज्नु पर्दछ जुन सम्भवमात्र होइन अवश्यंभावी भएको छ।

### कहाँबाट सुरु गर्ने ?

गोर्खाली सत्तामा राजाहरूको शासन केवल वंशको निम्ति, राणाहरुको शासन जहानको निम्ति, प्रजातन्त्रदेखि गणतन्त्रसम्मको शासन केवल एउटा नश्लको निम्तिमात्र आत्म गौरबको सत्ता बनाइयो। विगतदेखि कायम औपनिवेशिकता मार्फत राज्यविहिन तुल्याएका नेवाः लगायत स्वदेशी राष्ट्हरूहरुको आत्मसम्मान जगाउन भाषा, धर्म, संस्कृती, भूमी, सम्पदा लगायत माथि भई रहेको विभिन्न अतिक्रमण विरुद्ध आन्दोलनहरू निरन्तर रुपमा आज पनि कायम छ। दुर्भाग्य आन्दोलनहरूले ठोस उपलब्धी दिन सकेको छैन। २०७२ को संविधान निर्माण गर्दै गर्दा यि मुद्दाहरूलाई समावेश गरेर जान सकेन। संविधान निर्माणको क्रममा भएको ऐतिहासिक मधेश र थरुहट आन्दोलन बन्दुकको नालमा दवाउने काम भयो। दश लिम्बुवान विद्रोह देखी कायम रहेको निरन्तरको प्रतिरोधहरूकै क्रममा सन् १९२६ मा नेपाल भाषा विकास मण्डल(नेपाल भाषा अभियान)ले चलाएको आन्दोलनले १०० वर्ष पछि पनि निस्कर्ष नपाउनु आफैमा दुःखद छ। लाखौं नेवाः राष्ट्का जनताहरु सडकमा उत्रिएर गुठी विधेयक खारेज गरेता पनि नेवाःहरुको गुठीसत्ता माथि झुन्डिएको तरवार अझै हटेको छैन। वर्तमानको औपनिवेशिक राज्य सत्तालाई नै सहमती उत्पादन गर्ने आन्दोलनको गोलचक्करबाट मुक्त गरेर एक संक्रान्ति मार्फत नेपाललाई बहुलराष्ट्रिय राज्यमा रुपान्तरण गर्नु पर्नेछ।

राष्ट्रिय मुक्ति क्रान्ति मार्फत संक्रान्ति सम्पन्न गर्नको लागि अब गहिरो संकथन र थप परिमार्जन गरी आन्दोलन बहुआयामिक बनाउन जरुरी भैसकेको छ। अब राज्यविहित तुल्याएका हिमाल, पहाड, तराई लगायत विभिन्न राष्ट्का शुशासन र सम्वृद्धि चाहने जनताहरु सबै संयुक्त रुपमा एकताबद्ध भई बहुलराष्ट्रिय राज्य निर्माण गर्नु अति आवश्यक भैसकेको छ। गोर्खाली राज्यले जबरदस्त रुपमा विलय गर्न खोजेको नेवाः स्वदेशीय मौलिक सभ्यता र ज्ञान प्रणालीको दर्शनमा आधारित भएर सिद्धान्त एवं कार्यक्रमहरू बनाइ



सहयात्रा गरिरहेका छौं । नेपाललाई यहाँ रहेका सम्पूर्ण स्वदेशी राष्ट्रहरूको साझा राज्य बनाउँदैछौं । यो साझा नेपाल भनेको नै बहुलराष्ट्रिय राज्य हो । एकल राष्ट्रिय राज्यबाट बहुलराष्ट्रिय राज्य निर्माण गर्ने यस महान् अभियानले यहाँका स्वदेशी राष्ट्रका ज्ञान तथा तामाङ लगायतका राष्ट्रहरूले अभ्यास गर्दै आएको सामुदायिक समाजवादकै आधारमा साझा नेपाल निर्माण गर्ने संकल्प गरेको छ ।

इतिहासले वर्तमानको तामाङ पुस्तालाई सुम्पिएको यस महान् जिम्मेवारीलाई बहन गर्दै तामाङ पुर्खाहरूको शिर उच्च बनाउने राष्ट्रिय मुक्ति क्रान्तिको यस महान् अभियानमा लामबद्ध हुन सम्पूर्ण तामाङ राष्ट्रका जनताहरूलाई हार्दिक अपिल गर्दछौं ।

अन्त्यमा महान् पुर्खाका ज्योइ, ब्रोइ र डोइ (श्वास, न्यानोपन साथै पाइला)लाई पछ्याउँदै तामाङ पुर्खाहरूले विगतमा भोगेका चोटहरूमा मलम लगाउने तथा भावि पुस्तालाई त्यस्तो नहुने सुनिश्चितताको लागि राष्ट्रिय मुक्ति क्रान्ति सफल बनाउन तामाङ लगायत राज्यविहिन राष्ट्रका जनताहरूलाई हार्दिक अपिल गर्दछौं । हाम्रो भविष्य हाम्रै म्हरमेनछन(सभ्यता) अनुकुल निर्माण गर्ने यस महान् अभियानमा ऐक्यवद्धता हुन निवेदन गर्दछौं ।

**लस्सो ।**

**तामाङ राष्ट्रिय परिषद्**

# अपिल



स्वदेशवाद बहुलराष्ट्रवाद सामुदायिक समाजवाद



## बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति

**तामाङ राष्ट्रिय परिषद**

## महान् तामाङ राष्ट्रका जनताहरु

## फ्याफुल्जी !

सर्वप्रथम, हाम्रा तामाङ पूर्खाहरूको महानतालाई जगाउँदै, स्वदेशी तामाङ सहिदहरूको सम्झनामा र विवेकी अगुवाहरूको निर्देशनको निमित्त वन्दना गर्दै, तामाङ म्हरमेनछन(सभ्यता), पूर्ण मानवता र स्वदेशी सम्मान पुनःनियन्त्रण गर्न कसम खाँदै महान राष्ट्रिय मुक्ति क्रान्तिमा लामबद्ध हुन संपूर्ण तामाङ राष्ट्रका जनताहरूलाई आह्वान गर्दछौं ।

ताम्सालिङ नै तामाङको केस, ठुङ्स र बप्स हो । यही फह्युल साथै सप्चीलमोमा तामाङ पुर्खाद्वारा महान् तामाङ म्हरमेनछन(सभ्यता)को विकास गरिएको हो । यो पवित्र भूमि साथै सभ्यता अनादिकालदेखि फो'ल, ढ'ल, ल, लमो, लु, ङ्ह्यम्बु, ङ्योहो, ङ्योमो, नेऽदा, शिप्ता तथा कोन्छ्योगसुमद्वारा स्थापित, सञ्चालित तथा संरक्षित रहँदै आएको छ ।

हाम्रा महान् पुर्खाले यही भूमिमा तामाङ मौलिक ज्ञान निर्माण गरेका हुन् । तामाङ ज्ञानकै आधारमा तामाङ सत्ताको स्थापना र सञ्चालन पनि गरेकै हुन् । पुर्खाका यही अतुलनीय योगदानको स्मरण गर्दै; तामाङ ज्ञानसत्ता अजर, अमर र अविनाशी रहेको दाबी गर्दै; यिनैका आधिकारिकता तथा वैधानिकताको आधारमा तामाङ स्वशासन (ताम्सालिङ)को पुनःस्थापना साथै पुनःअभ्यासको लागि राष्ट्रिय मुक्ति क्रान्ति एक मात्र लक्ष्य हो ।

पृथ्वी लगायत विश्व ब्रह्माण्ड सृष्टिको क्रममा हामी महान् तामाङको लागि लनी छइबै रेञ्जेन (ल छइबो) ले नै ताम्सालिङको भूमि निर्माण गर्नुभएको थियो । सोहीक्रममा लुले होग; चनले बर साथै ल(देउता)ले तेड प्राप्त गरे । पेमादोङ(कमल)द्वारा सजिएकी दिनी/धिनी (घाम) हाम्री आमा बनिन् । डहुदोङद्वारा सजिएकी लनी(जून) हाम्री मम्(हजुरआमा बनिन् । किसिङडहुदोङबाट सजिएकी सप्चीलमो(पृथ्वी) हाम्रो केस, ठुङ्स र बप्स हो । यही भूमि हाम्रो फह्युल(पितृभूमि) हो ।

यसैगरी महान् पुर्खाले नै देहावसानपछि खोर्वैलिङ र थर्पेलिङ प्राप्त हुने तथ्य ज्ञान प्राप्त गरे । खोर्वैलिङबाट थर्पेलिङको स्हिङ्खम (रिग्जेन/लह्युल-बोन तथा होपामेला स्हिङ्खम/सुखवती भुवन-बौद्ध)सम्मको यात्रालाई सहज बनाए। यसैले हामी यहीका फह्युलको सन्तान (भूमीपुत्र) अनि सदस्यहरु भएकोमा गर्व गर्दछौं ।

शुरुमा यही मौलिक ज्ञानद्वारा निर्मित तामाङ सत्ता थियो । त्यतिखेर जीवित तथा निर्जीव साथै दृश्यादृश्य शक्ति(ऊर्जा)हरुका माझमा हाम्रा पुर्खाहरु रहेका थिए । तत्त्वका सिर्जना वा नाश गर्न सकिँदैन । एक स्वरुपबाट अर्कोमा परिणतसम्म हुन सक्छ । त्यही हुनाले नकारात्मक शक्तिलाई पनि सकेसम्म सकारात्मकतामा परिणत गरिन्थे । कर्मको कारण असम्भव भएको खण्डमा न्यून क्षति हुने गरी निश्चित स्थान दिइन्थ्यो । यसप्रकार विरोधी शक्तिको कार्यलाई सहज नियन्त्रणमा राखिन्थ्यो । यसो गरिनाले शत्रु र मित्र भन्ने हुँदैनथ्यो । यसरी विरोधीलाई पनि सँगै लिएर हिँड्नु भनेको विवाद र समस्याको समाधान गर्नु हो । यही नीतिको आधारमा महान् पुर्खाद्वारा सभ्यता विस्तार गरिएको थियो ।

त्यसबखत तामाङ र ताम्सालिङमा चोहोको ठिम कायम थियो । जहाँ बोम्बो, तम्बा, लम (लामा) तथा ह्युल्बा रहन्थे । त्यसबखत समाज त ठिम, रिमठिम, पेऽठिम, ठिमपे', छ्योइठिम साथै ठिगरद्वारा सञ्चालित थियो । अपराध र अन्याय अति न्यून हुन्थे । विवाद परेछ भने पनि हारजितको अवधारणा थिएन । विवादको समाधानक्रममा पक्षहरुलाई सुनिन्थ्यो । आवश्यक परेमा थप प्रमाण हेरिन्थ्यो । अन्ततः विवादलाई हारजितको घोषणा भन्दा मेलमिलाप मार्फत समाधान गरिन्थ्यो र गरिन्छ । त्यसरी मिलाउनुको अर्थ पक्षका चित्त बुझाउने र विवाद सिर्जना हुनुअघिको अवस्थामा पुऱ्याएर पुनः निरन्तरता दिनुहुन्थ्यो । सजाय दिइएको खण्डमा त्यसपछि पुनः समाजमा स्थापित गरिन्थ्यो ।

त्यस्तो सभ्य समाजमा जब बाहिरियाहरूले आक्रमण गऱ्यो । उनिहरूले हाम्रो सभ्यताको वास्ता नगरी हतियारको बलमा आफ्ना कानुन, व्यवस्था र थितीहरु थोपरे । तिनीहरुले तामाङ पुर्खाका हत्या गरे । भूमि लुटे अनि आफ्नै भूमिमा तामाङलाई दास(रैती) बनाए र अन्ततः कानून बनाउँदै मासिन्या मतवाली भनी सोही अनुरुप अत्यन्त क्रुर दमन गरे । यहाँका भूमीपुत्रपुत्रीहरूलाई अन्याय, अत्याचार र दमन गरेर गोर्खाली एकलराष्ट्रिय राज्य स्थापित गरिएको हो जसको हाल पर्यन्त निरन्तरता रहेको छ ।

राजतन्त्र, राणातन्त्र, प्रजातन्त्र, पञ्चायतीतन्त्र, बहुदलिय प्रजातन्त्र साथै लोकतन्त्रसम्म आइपुग्दासमेत तामाङ लगायतका भूमिपुत्रहरू माथिको गोर्खाली सत्ता हटेको छैन । मासिन्या मतवाली बनाएर इतिहासमा गरेको अपराधको लागि राज्यसत्ताले माफिसम्म माग्न आवश्यक ठानेको छैन । हामी तामाङहरूलाई राज्य विहिन बनाएको विगतको राज्यापराधको घाउमा मलम लगाउने र भविष्यका पुस्तालाई त्यस्तो हुदैन भन्ने हेतुले हामी राष्ट्रिय मुक्ति क्रान्तिमा लामवद्ध हुन जरुरी छ ।

हाल अभ्यासमा रहेको लोकतान्त्रिक गणतन्त्रले पनि गोर्खाली औपनिवेशिकता जारी राखेको हुनाले २१ औ शताब्दीका अऔपनिवेशिक तामाङ राष्ट्रका जनताहरूले राज्यविहिनताबाट राज्यत्वको दावी सहित आफ्नो स्वशासनसहितको व्यवस्थालाई प्राण भर्दैछौं । पुनःअभ्यासको क्रममा जुटेका छौं । छिमेकी स्वदेशवादी आदिवासी राष्ट्रहरुलाई झकझकाइरहेका छौं ।